आकाशवामी समाचार - नेपाली
मतिः 04 दिसम्बर 2024
समयः 18.60 - 19.00 बजे (अवधीः 10 मनट)

1- पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जी, आगामी बर्षको आरम्भमा आफ्नो मन्त्रि - मण्डलमा बृहत मात्रामा फेरबदल गर्ने तैयारीमा हुनुहुन्छ ।

2- राज्यमा सीआईडी प्रमुख आर. राजशेखरनलाई उहाको पद बाट हटाईएको छ अनि उहालाई एडीजी (आईजीपी ट्रेनिंग) को पदमा स्थानांतरित गरिएको छ ।

2- गोर्खा राष्ट्रिय मुक्ति मोर्चा द्वारा मरिक महकुमास्थित मंजश्री पार्कको नामकरण स्वर्गीय सुबाश घि संगको नाममा राख्नु पर्ने माग गरिएको छ |

3- खरसाङको रोहिणी क्षेत्रलाई उत्तर बंगालकै प्र सद्ध एडभेन्चर टुरिज्म हब बनाउनलाई रोहिणीको लयोपार्ड वाटर फल्सले ठूलो सहयोग गरिरहेको छ।

-
-

**<u>WB मन्त्रि -मण्डलमा फेरबदल</u>**

पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जी, आगामी बर्षको आरम्भमा आफ्नो मन्त्रि -मण्डलमा बृहत मात्रामा फेरबदल गर्ने तैयारीमा हुनुहुन्छ । सुत्रहरु अनुसार,यो प्र क्रया चरणबद्ध ढंगमा पुरा गरिनेछ अनि आगामी 2-3 महिनामा त्येसलाई अंतिम रूप दिईने छ । तृणमूल कांग्रेसको सुत्रहरु अनुसार यो फेरबदल मुख्य रूपले ति वभागहरु मा थ केंद्रित हुनेछ सधै जनसेवाहरु सत जो डएका छन् । मुख्यमंत्रीको उद्देश्य 2026 मा हुने वधानसभा चुनावहरुलाई ध्यानमा राख्दै यी वभागहरुको कार्यक्षमतामा सुधार ल्याउनु हो । फेरबदल अन्तर्गत सबैभन्दा ती महत्वपूर्ण वभागहरु बेग्ला-बेग्लै मंत्रिहरुलाई सुम्पिने वचार गरिंदै छ , जो अहिले <u>एउटा</u> मंत्री सत रहेको छ । यसले कार्यमा अ धक दक्षता आउने आशा छ । सुत्रहरु अनुसार,एस्तो स्थितिमा मन्त्रि-मण्डलमा नयाँ मन्त्रिहरुलाई सामेल गरिने संभावना बढेको छ । दोस्रो चरणमा बर्तमानमा रहेका मंत्रिहरुको वभागमा परिवर्तन गरिने सम्भावना छ । तेस्रो चरणमा , स्वतंत्र प्रभार भएका राज्य मंत्रिहरुलाई कैबिनेट मंत्रीको रूपमा पदोन्नत गर्न स कनेछ । सुत्रहरुले बताए अनुसार मुख्यमंत्री ममता बनर्जीले फेरबदल बारे चर्चा अगस्त 2024 मा शुरू गर्नुभएको थयो । हालैमा उहाले पार्टी, वधानमंडल अनि प्रशासनिक कार्यहरुका ला ग केहि वरिष्ठ नेताहरुको जिम्मेवारी तय गर्नुभएको छ । मुख्यमंत्रीले तृणमूल कांग्रेसको युवा अनि छात्र इकाईको बर्तमान नेतृत्व क्षमताको समीक्षा गर्ने संकेत पनि दिनुभएको छ । यदि सबै योजनाहरु सठीक दिशामा अघि बढे , मन्त्रि-मण्डलमा फेरबदलको प्र क्रया नयाँ बर्षको आरम्भमा शुरू हुन् सक्छ ।

111111 ñ 111111

सीआईडी वभाग- बदलाव

पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जीले राज्यको सीआईडी वभागमा बृहत मात्रामा बदलाव गर्ने प्र क्रया शुरू गर्नुभएको छ । आज जारी आदेशमा सीआईडी प्रमुख आर. राजशेखरनलाई उहाको पद बाट हटाईएको छ अनि उहालाई एडीजी (आईजीपी ट्रेनिंग) को पदमा स्थानांतरित गरिएको छ । सुत्रहरु अनुसार, नया सीआईडी प्रमुखको नियुक्ति चाडै गरिने सम्भावना छ , कनभने यस महत्वपूर्ण पदलाई खाली राख्न स कंदैन । राजशेखरनको स्थानांतरण सतै पु लस प्रशासनमा अझ धेरै फेर-बदल हरु गरिएअको छ । एडीजी ट्रेनिंग पद मा कार्यरत दमयंती सेन लाई एडीजी (पॉ लसी) को पदमा पठाईएको छ ,। एडीजी (ईबी) को पदमा कार्यरत आईपीएस अ धकारी राजीव मश्रालाई एडीजी (मॉडर्नाइजेशन) पदमा स्थानांतरित गरिएको छ । मुख्यमंत्री ममता बनर्जीले हालैमा कोयला अनि बालुवाको अवैध तस्करीलाई लएर पु लसको भू मका बारे असन्तोष ब्येक्त गर्नुभएको थयो।

111111 ñ 111111

मंजुश्री – घि संग पार्क प्रस्ताव

मरिक महकुमास्थित मंजश्री पार्कको नामकरण स्वर्गीय सुबाश घि संगको नाममा राख्नु पर्ने माग गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका महास चव तथा दर्जी लंगका वधायक नीरज जिम्बाको अगुवाइमा पार्टीको एउटा प्रतिनि ध दलले हिजो भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा अध्यक्ष अनि जि टी एका मुख्य कार्यपाल अनित थापा सत भेट गरि एउटा माग पत्र बुझाएको हो| गोरामुमोको प्रतिनि ध टोलीले गोरामुमोका संस्थापक अनि डी जी एच सीका त्यसताकका अध्यक्ष सुबाश घि संग अनि उहाको श्रीमतीको एउटा समा ध निर्माण गरिनु पर्ने माग पत्र पनि जी टि ए का मुख्य कार्यपाललाई सुम्पे | दुवै पक्षले भेटवार्ता सार्थक रहेको बताएका छन् भने जी टि एका मुख्य कार्यपाल अनित थापाले आफ्नो एक सामाजिक संजाल पोस्टमा श्री सुबाश घि संगलाई गोर्खा आइकन बताएका छन् | श्री थापाले मंजुश्री पार्कको नाम सुबाश घि संगको नाममा राख्ने तथा उहाको समा ध निर्माण गरिने बिसयमा सहमति जनाएका छन |तर यो वषय प्रसासनिक रहेकोले नै यसबारे निर्णय लन सक्ने बताएका छन् |

111111 ñ 111111

गध्द पहाड- धरणा प्रदर्शन

खरसाङस्थित गध्द पहाड चयाबारीको मा लकमा थ प्राण घातक आक्रमण भएको तर दोषीले सजाय नपाएको भन्दै गध्द पहाड चयाबारीका श्र मकहरुले आज खरसाङ पु लस थानामा आएर धरणा प्रदर्शन गरे । गध्द पहाड चयाबारीका मा लकमा थ गत १ दिसम्बर बिहान गध्दे छेडीमा प्राण घातक आक्रमण भएकोले १ दिसम्बरको दिन नै खरसाङ थानामा एफआईआर दर्ता गरेर दोषीलाई कडा सजाय दिनुपर्ने मांग गरिएको भएता पनि आज ४ दिसम्बरसम्म पनि दोषीलाई पक्राउ नगरिएको अनि दोषी

खुल्ला घु मरहेको बताउदै गध्द पहाड चयाबारीका स्थानीय बासीहरु अनि श्र मकहरुले आज बिहान खरसाङ पु लस थानामा आएर न्यायको मांग गर्दै धर्ना प्रदर्शन गरे।

111111 ñ 111111

रोहिणी - एडभेञ्चर टुरिज्म हब

खरसाङको रोहिणी क्षेत्रलाई उत्तर बंगालकै प्र सद्ध एडभेञ्चर टुरिज्म हब बनाउनलाई रोहिणीको लयोपार्ड वाटर फल्सले ठूलो सहयोग गरिरहेको छ। एडभेञ्चर टुरिज्ममा रोहिणीको यो लयोपार्ड वाटर फल्स कोशे ढुंगा नै साबित भईरहेको छ।रोहिणी र तीनधारेको नयाँ कमानलाई जोड्ने लाप्चे खोलाको पुलदे ख लगभग ६०० दे ख ७०० मीटरमा रहेको यो लयोपार्ड वाटर फल्स स्थानीय साथै टाढाबाट आएका पर्यटकहरुका ला ग मुख्य आकर्षणको केन्द्र वन्दु बन्दै गईरहेको छ। प्राकृतिक सुन्दरताले भरिपूर्ण रोहिणी क्षेत्रमा एडभेञ्चर टुरिज्मले ठूलो फड्को मारिसकेको छ जसलाई रोहिणी प्याराग्लाइ डङ एण्ड एडभेञ्चर एसो सएसनका युवा सदस्यहरुले सर्जनात्मक रुपमा सञ्चालन गरिरहेका छन्।रोहिणीमाएडभेञ्चर टुरिज्म फै लएर गईरहेको छ, जसमा प्याराग्लाइ डङ, ट्रे कङ, हाई कङ्ग र एटिभी राई डङ्गको साथमाप्राकृतिक सुन्दरताले भरिपूर्ण रोहिणीको लयोपार्ड वाटर फल्ससम्म ट्रे कङ गर्दै जानु पर्यटकहरुका ला ग मुख्य आकर्षणको केन्द्रबिन्दु बनेको छ। यो लयोपार्ड वाटर फल्स लगभग 2-3 महिनादे ख सञ्चालनमा रहेको छ। तर छोटो समयमा पनि रोहिणीको एडभेञ्चर टुरिज्ममायसले मुख्य भू मका निभाएको छ। यस वाटर फल्स क्षेत्रमा जंगली जनावरको शकार गर्न निषेध गरिएको छ भने खोलामा माछा मार्नु पनि निषेध गरिएको छ र यस क्षेत्रलाई पूर्ण रूपले प्लास्टिकमुक्त क्षेत्र घो षत गरिएको छ।

111111 ñ 111111

पर्यटनको मृत्यु

दार्जी लङ पहाडको सबैभन्दा आकर्षक पर्यटन क्षेत्र तुम्लिङमा एक पर्यटनको मृत्यु भएको खबर प्रकाशमा आएको छ। पु लसका अनुसारमृतकलाई उत्तर २४ परगनाका वा सन्दा २८ वर्षीय अं कता गहस भनेर चन्हित गरिएको छ। स्मरण रहोस् मृतक लगायत उनका साथीहरू सन्दकपु गएका थए। त्यहाँबाट फ र्कएर उनीहरु तुम्लिङमा बसेका थए भने अचानक स्वास्थ्य बिग्रदा उनलाई सुके पोखरी प्राथ मक स्वस्थ्य केन्द्रमा ल्याइएको थयो। त्यसपछि उनको स्वस्थ्य गम्भीर भएपछि दार्जी लङ जिल्ला अस्पताल पठाईएको थयो, जहाँ अस्पतालका डाक्टरले उनलाई मृत घो षत गरे।

आलुबारी - लागुऔषध

दार्जि लंग स्थित आलुबारी सडक क्षेत्रमा बढ्दो लागुऔषध दुव्र्यसनप्रति चन्ता व्यक्त गर्दै आलुबारी त्रिपथ जागृति समाजले लागुऔष ध वरुद्ध स क्रय अ भयान थालेको छ। समाजका अध्यक्ष दोर्जे राईको अध्यक्षतामा १ दिसम्बरमा बसेको बैठकले दैनिक सामाजिक निगरानी गस्ती लागू गर्ने निर्णय

गरेको हो। समाजका सदस्यहरुले लागुऔषध प्रयोगकर्ताहरूका ला ग सम्भा वत भेला हुने बिन्दुहरूका रूपमा चन्हित गरिएका स्थानहरूमा ध्यान केन्द्रित गर्दै जोरबाङ्लो ६४ लाइनदे ख पम्पिङ हाउससम्मको क्षेत्रमा निगरानी गर्नेछन्। स चव सुजना रसाइलीले जारी गरेको प्रेस वज्ञप्तिमा यस पहलको उद्धेश्य समुदायमा लागुऔषध मुक्त वातावरण निर्माण गर्ने हो। समाजका गस्ती टोलीहरूले गति व धहरूको अनुगमन गर्नेछन् र, यदि सदस्य वा बाहिरका व्यक्तिहरू लागुऔषधसँग सम्बन्धित गति व धमा संलग्न भएको पाइए, तुरुन्तै तिनीहरूका आमाबाबु वा अ भभावकहरू सत सम्पर्क गर्नेछन्। आवश्यक परेमा समाजले स्थानीय पु लस प्रशासनको पनि सहयोग लनेछ। यस पहललाई घुम-जोरबंगलो पपल्स अर्गनाइजेशनबाट ब लयो समर्थन प्राप्त भएको छ।

111111 ñ 111111

<u>पुल- शलान्यास</u>

अंग्रेजकालदे ख गाडी कुद्ने पुल नहुँदा , धोतरिया , तुङ्सुङ, सडर्स, रङ्मूक, म लङ, मून्डा कोटि, मलट, धजिया, अनि नागरीको आम जनताले धेरै जटिल समस्या भोग्नु परेको थयो। हाम्रो पार्टी- अध्यक्ष, अजय एडवर्ड्सले यस क्षेत्रको भ्रमणको क्रममा गाउँलेहरुको जटिल समस्याहरु देखेर आवश्यकता अनुरूप श्रमदान द्वारा पुल निर्माण गरिदिने वचन अनुरूप आज यसको शलान्यास गरी निर्माण कार्यको थालनी गरिएको छ। यस सहयोगको ला ग स्थानीय वा सन्दाहरूले अध्यक्ष अजय एडवर्ड्सलाई धन्यवाद दिएका छन्।

111111 ñ 111111

<u>कृषकहरुलाई चाहिने यन्त्रहरू प्रदान</u>

खरसाङ खण्ड अन्तर्गत स वटारको बाघमारा बस्तीमा कृषकहरुलाई चाहिने व भन्न यन्त्रहरू अस्सी प्रतिशत सब्सिडीमा प्रदान गरिएको छ। यन्त्रहरू प्रदान गर्नलाई आज कृ ष वभागको जिल्ला, महकुमा र खण्डबाट पदा धकारीहरु उपस्थित रहेका थए। यस अवसरमा बाघमारा बस्तीमा रहेको बाघमारा एफपीसी ल मटेडलाई कृ ष कार्यमा चाहिने व भन्न यन्त्रहरू अस्सी प्रतिशत सब्सिडीमा प्रदान गरिएको छ। कृ ष यन्त्रहरुमा खेतबारी जोत्ने यन्त्र, धान, हर्दी, तोरी आदि पस्ने यन्त्रहरू अस्सी प्रतिशत सब्सिडीमा प्रदान गरिएको छ। यन्त्रहरू वरिपरिका कृषकहरुले कम्ति मूल्यमा बाघमारा बस्तीबाट लान पनि स कने पनि बताइएको छ। यस वषयमा पत्रकारहरु सत कुराकानी गर्दै कृ ष वभाग खरसाङ खण्डका सह निर्देशक दिवस तामाङ र खरसाङ खण्ड पञ्चायत स मति सदस्य कुसाङ लामाले वस्तृत रुपमा जानकारी गराएका छन्।

111111 ñ 111111

<u>रेबिज भाइरस- सचेतनामूलक कार्यक्रम</u>

प्राणी सम्पदा वकास वभाग तथा खरसाङ महकुमा शासक कार्यालयको संयुक्त आयोजनामा आज स्थानीय रामकृष्ण कन्या उच्चतर माध्य मक वद्यालयमा "रैबिज भाइरस" बारे सचेतनामूलक कार्यक्रम साथै "बस अनि चत्र बनाऊ" प्रतियो गता सम्पन्न भयो। खरसाङका भेटेरिनरी अ धकारी डा° सुडेनला छिरिङ भुटियाको अगुवाईमा सम्पन्न यो ११औं सचेतनामूलक कार्यक्रम थयो।कार्यक्रममा खरसाङ महकुमा शासक तेजा दिपकको वशेष उपस्थिति रहेको थयो । कार्यक्रममा आफ्नो बहुमूल्य योगदान अनि पहलको निम्ति आयोजक पक्षले प्राणी सम्पदा वकास वभाग, दार्जी लङका उपनिर्देशक डा° अ सम राज राणाप्रति आभार व्यक्त गरेको जानकारी प्राप्त भएको छ।

111111 ñ 111111

कराते बेल्ट ग्रे डङ परीक्षा

सुशन कराते एकेडेमीले ३ डसेम्बर २०२४ मा लभ बड्स इङ् लस स्कूल, मुन्सोङमा कराते बेल्ट ग्रे डङ परीक्षा २०२४ सफलतापूर्वक सम्पन्न गरेको छ । कुल २५ कराते वद्यार्थीहरूले परीक्षामा भाग लएका थए। सुशन कराँते एकेडेमीका मुख्य प्र शक्षक शहान सुशन थापाले स्कुलले मार्च महिनादे ख कराँते ता लम सुरु गरेको र अहिले २५ जना कराते वद्यार्थी येलो बेल्टमा उत्तीर्ण भएको जानकारी दिए । सेइको काई कराते इन्डियाको संस्थाबाट वद्यार्थीहरुलाई बेल्ट र प्रमाणपत्र समेत प्रदान गरिएको थयो ।

111111 ñ 111111